# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०९।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

स्वास्थ्य कार्यालय म्याग्दीमा कार्यरत क्षयकुष्ठ सहायक (पाँचौ) **मनीषकुमार महतो**ले स्वास्थ्य कार्यालय म्याग्दीबाट कार्यदिश लिई बिभिन्न कार्यक्रम सञ्चालन गरी पेश्की फछ्यौट गर्ने क्रममा नक्कली विल भरपाई पेश गरी पेश्की फछ्यौट गर्न दवाब दिएको, निजले सञ्चालन गरेका कार्यक्रमहरु कार्यदिश अनुसार सञ्चालन नभएको तथा असम्बन्धित व्यक्तिहरुलाई दैनिक भ्रमण भत्ता वितरण गरी गैरकानूनी लाभ लिई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको भन्ने प्रतिवेदनउपर अनुसन्धान हुँदा स्वास्थ्य कार्यालय म्याग्दीका क्षयकुष्ठ सहायक (पाँचौ) मनीषकुमार महतोले बिभिन्न मितिमा स्वास्थ्य कार्यालयबाट कार्यदिश लिई क्षयरोगसम्बन्धी अभिमुखिकरण, घर दैलो, माइक्रोस्कोपिक क्याम्प, DMT TOOL and WHO MEC को माध्यमबाट परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम तथा उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई टिबि मोडुलर तालिम सञ्चालन गर्न रकम विनियोजन भएकोमा बिभिन्न शीर्षकमा बैक दाखिला गरी बाँकी रहेको रकम बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको तथ्य स्थापित हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानिनोक्सानी गरेको बिगो रु. ४,८१,९९५/०२ ( चार लाख एकासी हजार नौ सय पन्चान्नब्बे रुपैयाँ पैसा दुई) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं हिनामिना हानिनोक्सानी भएको बिगो रकम निजबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन समेत मागदाबी लिइएको छ ।

साथै स्वास्थ्य कार्यालय म्याग्दीका **तत्कालीन कार्यालय प्रमुख भीमप्रसाद आचार्य र आर्थिक सल्लाहकार लेखापाल हरिशंकर शर्मा**ले पेश्की फछ्यौंट तथा भुक्तानी भएको DMT TOOL and WHO MEC को माध्यमबाट परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम र उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई टिबि मोडुलर तालिम सञ्चालनमा रु. १,७८,४८६/- (एक लाख अठहत्तर हजार चार सय छयासी) मनोमानी ढङ्गले रकम खर्च गराई बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको तथ्य स्थापित हुन आएकोले निज तत्काल स्वास्थ्य कार्यालय म्याग्दीमा कार्यरत हाल निलम्बित भीमप्रसाद आचार्य र आर्थिक सल्लाहकार हरिशंकर शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानिनोक्सानी गरेको रमक रु. १,७८,४८६/- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं हिनामिना हानिनोक्सानी भएको बिगो रकम निजहरुबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला